म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ९३ २०८१ फागुन ८ गते बिहीबार 20 February 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## सिडेन मकवानपुरमा बनियाँ

हेटौंडा : सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन) मकवानपुरको अध्यक्षमा अनिल बनियाँ चयन हुनुभएको छ। बुधबार हेटौंडामा भएको भेलाले बनियाँको अध्यक्षतामा जिल्ला समिति चयन गरिएको हो ।

सिडेन मकवानपुरको उपाध्यक्षमा आयस श्रेष्ठ, सचिवमा सौरभ सुवेदी, कोषाध्यक्षमा सुमन भुजेल, सदस्यमा दिपेश सिंह भण्डारी, मनिष पाण्डे, विपिन राज वाग्ले, सतिश तिवारी र सरु खोटेजा चयन हुनुभएको छ । नेपाली काँग्रेस केन्द्रीय समितिकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

# वडा खेलकुद महोत्सवमा भुटनदेवी मावि प्रथम



प्रथम पुरस्कार ग्रहण गर्दै भुटनेदवी माविका शिक्षक, विद्यार्थीको समूह ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा भएको दोस्रो खेलकुद महोत्सवको उपाधि हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले जितेको छ । गत माघ ९ गतेबाट सुरु भएर एक महिनासम्म सञ्चालन भएको खेलकुद महोत्सवको उपाधि भुटनदेवी माविले जितेको हो ।

भुटनदेवीले एथ्लेटिक्सतर्फ ८ वटा स्वर्ण, ९ वटा रजत र ८ वटा कास्यगरी २५ पदक प्राप्त गरेको छ । बुधबार एक कार्यक्रमबीच खेलकुद महोत्सवका विजेता विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

सांस्कृतिक एवम् पुरस्कार वितरण कार्यक्रमकै अवसरमा समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददात रोहित थापा र अनिरुद्र खबरका सम्पादक अनिल पराजुलीलाई सम्मान गरिएको छ । एक महिनासम्म सञ्चालन भएको खेलकुद महोत्सव कार्यक्रमको समाचार संकलन गरेर प्रचारप्रसारमा सहयोग गरेको भन्दै जनही ५ हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिएको हो ।

शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दहालको सभाध्यक्ष तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रमुख अतिथि पौडेलले विकास भन्नेवित्तिकै सबैले भौतिक पूर्वाधार निर्माणको कुरालाई मात्र बुझ्ने गरेको बताउनु भएको छ । शारीरिक र मानसिक विकास गर्नुपर्ने कुरालाई कसैले नबुझेको उहाँले जिकिर गर्नुभयो । यति धेरै विद्यार्थीको सहभागितामा खेलकुद महोत्सव आयोजना गर्नु चुनौतीपूर्ण रहेको उहाँले दावी गर्नुभएको छ ।

हेटौंडा उपमहानगरपालिकाको सबै वडा कार्यालयले यस्ता प्रकारका क्रियाकलापलाई प्राथमिकतामा राख्न जरुरी रहेको उहाँले जोड दिनुभयो । पढाई र सिकाइमा फरक पर्ने भएकाले किताब पढाउने काम मात्र नगरेर सिकाइलाई प्राथमिकता दिन आवश्यक रहेको बताउनुभयो । विद्यार्थीलाई अभिभावकले रचनात्मक क्रियाकलापमा लगाउन जरुरी रहेको उहाँको भनाइ छ ।

हेटौंडा ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले एक हजार दुई सय विद्यार्थीको सहभागितामा सफलतापूर्वक प्रतियोगिता आयोजना गरेको बताउनुभयो । शिक्षा क्षेत्रमा सुधार नभएसम्म पढाइमा सहयोग नपुग्ने उहाँले दावी गर्नुभयो । ४ नम्बर वडाले खेलकुदको माध्यमबाट सबै वडालाई प्रेरित गरेको धारणा राख्नुभयो । हरेक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्था हुनुपर्छ भन्दै वडाध्यक्ष सिग्देलले अतिरिक्त क्रियाकलापबाट विद्यार्थीको चौतर्फी विकास गर्नुपर्छ भनेर एक महिने खेलकुद महोत्सव आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, मकवानपुर क्याम्पस प्रमुख यमबहादुर सिलवाल, ११ नम्बर वडा अध्यक्ष जुना दहाल, १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तानलगायतको आतिथ्य थियो ।

एक महिनासम्म सञ्चालन भएको खेलकुद महोत्सवमा ४ नम्बर वडाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीबीच हाजिरीजवाफ, निबन्ध लेखन, वक्तृत्वकला, कविता, नेपाली हिज्जे, वादविवादजस्ता बौद्धिक अतिरिक्त क्रियाकलाप सञ्चालन भएको थियो । विभिन्न दुरीको दौड, रिले दौड, लङ्जम्प, ट्रिपल जम्प तथा सटपुट थ्रोजस्ता एथ्लेटिक्सको प्रतिस्पर्धा गराइएको थियो । महोत्सवमा हेटौंडा उपमहानगरपालिका भित्रका माध्यमिक विद्यालयका विद्यार्थीको सहभागितामा ७ ए साइड फुटबल, भलिबल, बास्केटबल, क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको थियो । यस्तै, वडाभित्रका शिक्षकहरुबिच ५ ए साइड फुटबल र टग अफ वार प्रतियोगिता गराइएको थियो । सबै प्रतियोगिताका विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

# अधिकारीलाई युवा प्रतिभा पुरस्कार

समाज संवाददाता

हेटौंडा : नेपाल सरकारले मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीलाई प्रधानमन्त्री राष्ट्रिय युवा प्रतिभा पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । बिहीबार प्रजातन्त्र दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यक्ष अधिकारीलाई ५ लाख राशिको युवा प्रतिभा पुरस्कार प्रदान गर्ने निर्णय गर्नुभएको हो ।

अधिकारीले एक दशकभन्दा बढी समयदेखि सडकमा आश्रित बेसाहारा मानिसको उद्दार, पुनर्स्थापना र परिवारमा पुनर्मिलनको कार्य गर्दै आएको मानवसेवा आश्रमको नेतृत्व गर्दै आउनुभएको छ । २३ वर्षको उमेरदेखि सहयोगापेक्षीहरुको सेवामा लाग्नुभएका अधिकारीले नेपालको ७ प्रदेशका १९ जिल्लामा २४ वटा सेवा केन्द्र विस्तार गरिसक्नुभएको छ। जहाँ १



मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी ।

हजार ७ सय भन्दा बढी सहयोगापेक्षी आश्रित रहेको संस्थापक अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

अधिकारी नेतृत्वको मानवसेवा आश्रमले मेची-महाकाली अभियान अन्तर्गत कुहिएर, शरीरमा किरा परेर जीवनको अन्तिम श्वास फेरिरहेका सहयोगापेक्षी, आन्दाजी ७०-७५ वर्षीया आमा समेत सामूहिक बलात्कृत भएर सडकपेटीमा प्राण त्याग्नु भएका, एउटा मानसिक स्वास्थ्य ठीक नहुँदा सडक जीवन जिउन पुग्नुभएकी बलात्कृत महिला र ती बलात्कृत महिलाबाट जन्मेका बालबालिकाहरुको उद्दार गर्दै आएको छ । मानवसेवा आश्रम २०८२ सालसम्ममा नेपाललाई सहयोगापेक्षी सडक मानवमुक्त देश घोषणा गर्ने र त्यसको पूर्णरुपमा कार्यान्वयनको अभियानमा समेत अग्रसर छ ।

मानवसेवा आश्रमको कार्यलाई संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले प्रशंसा गर्दै सहकार्य गर्दै आएको

...बाँकी पृष्ठ ३ मा




## हेटौंडा अस्पतालमा पीजी अध्ययन

# प्रसुती विभागका २ सिट

समाज संवाददाता

हेटौंडा : मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्त्री तथा प्रसुती विभागका २ सिटमा स्नात्तकोत्तर तहको विशेषज्ञ स्वास्थ्य शिक्षा (पीजी) अध्ययन गराउने भएको छ । चिकित्सा शिक्षा आयोगले तोकेको सिट अनुसार प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालमा स्त्री तथा प्रसुती विभागको २ सिटमा पीजी अध्यापन गराउने भएको हो ।

बागमती प्रदेश सरकारको लगानीमा चिकित्सा शिक्षा आयोगले प्रतिष्ठानलाई हेटौंडा अस्पतालमा स्त्री तथा प्रसुती विभागको २ सहित अन्य विभिन्न विभागका ८ सिट विशेषज्ञ स्वास्थ्य शिक्षा पढाउने भएको प्रतिष्ठानका सूचना अधिकारी अमर अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतिष्ठानका लागि आयोगले स्त्री तथा प्रसुती विभागका २ र फिजिसियन, सर्जरी विभाग, बाल स्वास्थ्य विभाग, हाडजोर्नी तथा नशा स्वास्थ्य विभाग, फेमिली फिजिसियन, एनेस्थियोलोजीका १/१ सिटमा अध्यापन गराउने गरी अनुमती प्राप्त भएको हो ।

पीजी कक्षा सञ्चालन गर्दा अस्पतालको स्वास्थ्य सेवाको गुणस्तर सुधार हुनु साथै विद्यार्थीले नवीनतम चिकित्सा ज्ञान तथा प्रविधिको प्रयोग गरेर उपचार प्रक्रियालाई प्रभावकारी बनाउन मद्दत गर्ने उनको भनाई छ । विशेषज्ञ चिकित्सा सेवाहरू विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। पीजी कक्षा संञ्चालनबाट विशेषज्ञ चिकित्सकहरुको निगरानीमा विद्यार्थीहरु रहने र सेवा थप व्यवस्थित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

पीजी अध्यापन मार्फत् बिरामीहरुको उपचारमा सुधार ल्याउनुको साथै प्रशिक्षित चिकित्सकहरुमा दक्षता र अनुभव वृद्धि हुने उहाँले बताउनुभयो । विद्यार्थीहरुले तिर्ने शुल्कबाट अस्पतालको आम्दानी बढ्ने र विशेषज्ञ सेवाहरु मार्फत् बिरामीहरुको उपस्थिति बढ्ने उहाँले बताउनुभयो । विद्यार्थीसँगको सहकार्यमा अस्पतालले नयाँ विशेषज्ञ सेवा तथा विभागहरु खोल्न सहयोग पुग्ने अधिकारीले बताउनुभयो ।



# सम्पादकीय

हेटौंडा, मकवानपुर

## व्यापार महोत्सवको औचित्य

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव हेटौंडामा सुरु भएको छ । मंगलबारबाट सुरु भएको दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सवको संघीय सरकारका गृहमन्त्री रमेश लेखकले उद्घाटन गरेका छन् । हेटौंडा-१०, टिसिएनस्थित भुटनदेवी मैदानमा आयोजित महोत्सव आगामी १८ गतेसम्म चल्नेछ । शान्तिबाटिका संस्था नेपालसँगको सहकार्यमा महोत्सव आयोजना गरिएको हो । महोत्सवमा नवीनतम निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री गरिने बताइएको छ । बहुराष्ट्रिय कम्पनीहरुको उत्पादन, स्थानीय तथा राष्ट्रिय औद्योगिक उत्पादन तथा सेवाहरुको प्रदर्शनी एवम् बिक्री हुने आयोजकको भनाइ छ । सूचना प्रविधि तथा कृषि उत्पादनको प्रदर्शनी, घरेलु तथा हस्तकला सामग्रीको प्रदर्शनी एवम् बिक्री, कृषि उत्पादनको प्रदर्शनी, महिला उद्यमीद्वारा उत्पादित सामग्रीहरुको बिक्री वितरण हुनेछ । महोत्सवमा हेटौंडा आइडल प्रतियोगितासँगै राष्ट्रिय तथा स्थानीय कलाकारबाट मनोरञ्जनात्मक सांस्कृतिक प्रस्तुति हुनेछ । शैक्षिक, घरजग्गा, अटो, खाना तथा वस्तु र सेवाको प्रदर्शनी एवम् बिक्री समेतका लागि महोत्सवमा ३ सय वटा स्टल छन् ।

पछिल्लो समय मुलुकको व्यावसायिक क्षेत्रमा मन्दीजस्तै छाएको छ । यसबाट निर्माण व्यवसाय पनि अछुतो छैन । निर्माण व्यवसायसँगै अन्य व्यापार व्यवसाय उकास्न प्रोत्साहन गर्ने उद्देश्यले मेलाको आयोजना गरिएको हो । तर, मकवानपुरका उद्यमी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य संघले भने महोत्सवको बिरोध गरेको छ । महोत्सवमा बाहिरका व्यवसायीले स्टल राखेर सस्तोमा वस्तु बिक्री गर्दा स्थानीय व्यवसायी मारमा पर्ने भन्दै उद्योग वाणिज्य संघले महोत्सवको बिरोध गरेको हो । त्यसो त मकवानपुर उद्योग वाणिज्य संघ आफैंले पनि विगतमा थुप्रै पटक व्यापार महोत्वस आयोजना गरेको थियो । कोरोना महामारी अघिसम्म निर्माण व्यवसायी संघ र मकवानपुर उद्योग वाणिज्य संघले आलोपालो गरेर वर्षेनि हेटौंडामा व्यापार महोत्सव आयोजना गर्ने गरेका थिए ।

व्यापार, व्यवसाय, कृषि, पर्यटनलगायत आर्थिक क्षेत्रको प्रवर्द्धन गर्नु हरेक व्यापार महोत्सवको मुख्य उद्देश्य हुन्छ । महोत्सवमा घरेलु, औद्योगिक, व्यापारिक, कृषिलगायतका वस्तुको प्रदर्शनी र बिक्रीका लागि स्टल पनि राखिन्छ । तर, अधिकांश व्यापार मेला र महोत्सवमा पुगेका अवलोकनकर्ताको ध्यान भने विभिन्न मनोरञ्जनात्मक खेल, सांस्कृतिक कार्यक्रम र खानपिनमा केन्द्रित भइरहेको हुन्छ । दर्शकलाई आकर्षित गर्न महोत्सवको आयोजकले विभिन्न प्रकारका खेल, गीत, संगीत, नृत्यलगायत मनोरञ्जनात्मक कार्यक्रम समावेश गर्दछन् । महोत्सवमा जाने दर्शक मुल गेटबाट प्रवेश गरेपछि अनिवार्य सबै स्टल अगाडि हुँदै सांस्कृतिक कार्यक्रम र मनोरञ्जनात्मक खेल भएको ठाउँमा जानुपर्ने व्यवस्था पनि आयोजकले मिलाउने गरेको छ । महोत्सव प्रवेश गर्ने र फर्कने समयमा बिक्री तथा प्रदर्शनीका लागि राखिएको स्टल अवलोकन गर्नुपर्ने भए पनि धेरैजसो दर्शकको नजर स्टलमा पुगेको हुँदैन ।

जुनसुकै नाम दिएर जेसुकै उद्देश्यले महोत्सव आयोजना गरे पनि अधिकांश दर्शक विभिन्न खेल, मनोरञ्जन तथा स्टेजमा हुने सांगीतिक प्रस्तुतिमै झुम्मिने परिपाटीले महोत्सव औचित्यपूर्ण हुने गरेका छैनन् । महोत्सवमा हुने व्यापारिक कारोबार तथा नाफा/घाटा आफ्नो ठाउँमा छ । आयोजकले जुन उद्देश्य राखेर महोत्सव आयोजना गर्दछ, त्यो पूरा हुनुपर्छ । निर्माण व्यवसायी संघ मकवानपुरले आयोजना गरेको दोस्रो निर्माण तथा व्यापार महोत्सव पनि उद्देश्यमूलक र औचित्य पूर्ण बन्नुपर्छ । महोत्सवमा धेरै दर्शक हुलेर कारोबार धेरै गर्नेमात्र होइन, यसले व्यवसायको दीर्घकालीन प्रवर्द्धन गर्न सक्नुपर्छ । महोत्सव अवलोकन गर्ने दर्शक र महोत्सव आयोजकको ध्यान व्यवसायको प्रवर्द्धनमा केन्द्रित हुने हो भने यस्ता महोत्सवले व्यवसायीको हित गर्ने अपेक्षा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : आन्तरिक प्रतिभाको प्रस्फुटन हुने योग छ ।
- **वृष** : अध्यन-अध्यापन दृष्टिले कमजोर समय छ ।
- **मिथुन** : आध्यत्मिक यात्रा योगमा सरिक भइने समय छ ।
- **कर्कट** : धार्मिक यात्रा योगमा सरिक भइने समय छ ।
- **सिंह** : सामाजिक काममा मन जाने समय योग छ ।
- **कन्या** : कार्यक्षेत्रबाट प्रशंसा हुने समय छ ।
- **तुला** : स्वास्थमा उतार चढाव आइपर्ने समय योग छ ।
- **वृश्चिक** : काला, साहित्य, सँगीतमा समय व्यतिच होला ।
- **धनु** : व्यापार व्यवसमय मध्यम कारक रहने समय छ ।
- **मकर** : पठनपाठनको क्षेत्र ठिकै समय योग रहने छ ।
- **कुम्भ** : उत्सुक र आशावादी बन्ने समय योग छ ।
- **मीन** : व्यपार व्यवसाय मध्यमकारक रहने समय छ ।

# प्रवासीलाई नेपाली नागरिकता : बोलीमा अधिकार, व्यवहारमा 'टुरिस्ट'



✍डा. जगन कार्की




प्रवासमा बस्ने नेपालीले लामो समयसम्म नागरिकताको लागि आवाज उठाए। फलस्वरुप, २०७२ सालमा बनेको नयाँ संविधानले गैरआवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार सहितको नागरिकता दिने व्यवस्था गऱ्यो। संविधानले सुनिश्चित गरेको ८ वर्षपछि गैरआवासीय नागरिकता प्रदान गर्ने काम सुरु भयो।

प्रवासी नेपालीहरूले नागरिकता त पाउन थाले तर मालपोतदेखि एयरपोर्टसम्मले नचिन्ने 'टुरिस्ट भिसावाला नागरिकता' को कतै पनि प्रयोग नदेखिएपछि यतिबेला चौतर्फी विरोध भइरहेको छ।

हालै संसद्मा प्रतिपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'देखि राप्रपा सांसद ज्ञानेन्द्र शाहीसम्मले प्रवासीका नागरिकता सम्बन्धी मुद्दालाई जोडतोडले उठाइरहेको अवस्था छ। परराष्ट्रमन्त्री आरजु देउवाले पनि प्रवासी नेपालीलाई संविधानप्रदत्त नागरिकताको अधिकार दिनुपर्ने राय राखिरहेकी छन्। नेकपा एमालेका नेता तथा पूर्वमन्त्री योगेश भट्टराईले पनि यस मुद्दामा बोलेका छन्।

प्रवासीले अत्यधिक आश गरेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भने अन्तरिक किचलोमा शक्ति खेर फालेर प्रवासीको हक र अधिकारबारे मौन रहेको देखिएको छ।

प्रवासी नेपालीको नागरिकताको सवालमा यदि एमाले र कांग्रेसको मत उदार रहने हो भने सरकारले ल्याउन लागेको अध्यादेशमा प्रतिपक्षी दलहरुको आपत्ति नरहने प्रचण्ड र ज्ञानेन्द्र शाहीको संसद्को प्रस्तुतिले देखाइसकेको छ।

राष्ट्रियता र सार्वभौमिकताका विषयमा नेपालमा भन्दा संसारभर छरिएर रहेका नेपालीको आवाज र पहल ठूलो स्रोत र महत्वपूर्ण शक्तिको रुपमा प्रमाणित रहेको नेपालका राजनीतिक दल, नेतादेखि आम रूपमा नै स्थापित भएको छ। चाहे त्यो नाकाबन्दीको बखत होस्, चाहे नेपालको भूभाग भारतमा पर्ने गरी नक्सा सार्वजनिक हुँदाको समय, प्रवासी नेपालीले नेपाललाई साथ दिएकै हुन्।

यस्ता मुद्दामा प्रवासी नेपालीले आफू बसेका मुलुकबाट विश्व समुदायमा जानकारी गराउने, सहयोग माग गर्ने, विदेशका दूतावास घेराउ गर्नेदेखि भारतीय प्रधानमन्त्री नरेन्द्री मोदीलाई कालो झण्डा देखाउनेसम्मका कामले आफूलाई प्रमाणित गरेका छन्। भूकम्पको समयमा विश्वभर बाट सहयोग जुटाउनेदेखि मातृभूमिको हरेक संकटमा साथ, समर्थन र सहयोगको सारथि बनेका छन् प्रवासी नेपाली।

विशेषगरी वंशजको नागरिकता बोकेका प्रवासी नेपालीहरु देशमा हरेक अधिकार र परिवर्तनका आन्दोलनमा आर्थिक, भौतिकदेखि हरतरहले अग्रमोर्चामा उभिएका छन्।

पछिल्ला वर्षहरुमा नेपालबाट युवा पलायनको क्रम तीव्र बन्दै गएको छ। बढ्दो जनसंख्या, विश्वमा हुर्किंदो स्वतन्त्रता र सुविधा खोजी हिंड्ने मानव स्वभावका कारण देश रामराज्य नै भएछ भने पनि नेपाल छोड्नेको संख्या रोकिने अवस्था छैन। यही स्थिति रहने हो भने विस्तारै देशका मूलवासी खोज्न प्रवास जानुपर्ने अवस्था नआउला भन्न सकिंदैन।

त्यस्तै, देशको सिमाना र सार्वभौमिकताको बारेमा डटेर बोल्ने साहस, सामर्थ्य र भूमिकामा प्रवासमा बसेका नेपालीहरु मुख्य शक्तिको रुपमा रहने सम्भावना बढ्दै गएको छ।

१० वर्षे युद्धदेखि हालसम्मको भ्रष्ट अभ्यासले थिलथिलो पारेको नेपालको अर्थतन्त्र प्रवासी नेपालीले पठाएको रेमिट्यान्सले धानेको जगजाहेर छ। प्रवासीले अप्रत्यक्ष रुपमा भित्र्याइरहेको सीप, ज्ञान र प्रविधिले मातृभूमिको रुपान्तरणमा प्रत्यक्ष लाभ मिलेको छ।

अझ विकराल सवाल, आगामी १५-२० वर्षमा काम गर्न सक्ने युवाहरु अरु ४० लाख थपिने र देशमा रोजगारी नपाउँदा विदेश जान बाध्य हुने अनुसन्धानहरुले देखाएका छन्। त्यतिन्जेल १ करोड अर्थात् एक तिहाइ वंशज नागरिकताधारी नेपाली प्रवासी भइसकेका हुनेछन्।

ती सबैलाई प्रवासी टुरिस्ट बनाउने या तिनीहरुबाट प्रत्यक्ष लाभ लिनका नागरिक अधिकार कायम रहन दिने ? यो प्रश्न टड्कारो रूपमा उठेको छ।

यी सारा सकारात्मक पक्षलाई अवमूल्यन गर्दै ल्याइएको मालपोत र एयरपोर्टले नचिन्ने गैरआवासीय नागरिकता सम्बन्धी व्यवस्थाले जग हँसाएको छ। यसमा पनि गैरआवासीय नेपालीबारे नेपालको संविधान र नेपालमा आम बुझाइ एकै प्रकारको छ।

स्थान, अवस्था र पेशाको दृष्टिले गैरआवासीय नेपालीहरुको अवस्था फरक-फरक रहेको छ। सामान्य रुपले हेर्दा गैरआवासीय नेपालीहरूलाई ५ प्रकारमा राखेर हेर्न सकिन्छ।

१. रोजगारी तथा पढाइको सिलसिलामा निश्चित भिसा अवधिमा विदेशमा बसिरहेका नेपाली।

२. लामो समयददेखि पीआर लिएर विदेशमा बसिरहेका तर नागरिकता त्याग नगरेका नेपाली।

३. नेपालमा जन्मिए/हुर्किएर विदेश गई त्यहींको नागरिकता लिएर बसेका नेपाली।

४. नेपाली आमाबाबुबाट विदेशमा जन्मिए/हुर्किएका नेपाली।

५. गोर्खा भर्तीको सिलसिलामा विदेशिएका नेपाली र तिनका परिवार।

यसरी हेर्दा नेपालमा जन्मिए/हुर्किएर प्रवास गएको पहिलो पुस्ता (माथि उल्लिखित नम्बर १, २, ३ र ५) लाई वंशजको नागरिकता दिंदा उचित हुन्छ भने तिनबाट प्रवासमा जमिएका सन्तानलाई चाहिं हाल ल्याइएको गैरआवासीय नागरिकता दिने व्यवस्था गर्नु मनासिव देखिन्छ।

वंशजको नागरिकता बाहकलाई उनीहरुको पुरानो नागरिकता कायम गरिदिएर नेपाल फर्किएको निश्चित अवधिमा राजनीतिक लगायत सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने प्रावधान कायम गरी गैरआवासीय परिभाषाभित्र राखे मात्र व्यावहारिक हुने देखिन्छ।

हाल संविधानमा नै विदेशी नागरिकता लिएपछि नेपाली नागरिकता निष्क्रिय हुने प्रावधान छ। तर अहिले भइरहेको प्रावधान हटाएर वंशजको नागरिकता कायम रहने व्यवस्था गर्न सकिन्छ। कांग्रेस र एमालेको झन्डै दुई तिहाइ बहुमतको वर्तमान सरकारले चाहने हो भने यो काम सजिलै गर्न सक्छ।

विदेशमा जन्मिए/हुर्किएका दोस्रो, तेस्रो पुस्तालाई वंशजको नागरिकताबारे खासै चासो छैन। जो नेपालमा जन्मे/हुर्केर प्रवासमा बसेको छ, यो पुस्ता आफ्नो देशको लागि केही गर्न र नेपालमा जायजेथाका साथै व्यापार-व्यवसाय गर्न चाहन्छ। यो पुस्ताले जन्मसिद्ध अधिकारको रक्षा खोजेको छ।

हाल सबै गैरआवासीय नेपालीलाई एकै डालोमा राखेर प्रदान गर्न लागिएको टुरिस्ट भिसावाला नागरिकतामा समस्या आएको कारण पनि यही हो।

प्रवासी नेपालीलाई प्रदान गर्न लागिएको भेदभावपूर्ण नागरिकता नै गैरआवासीय नेपाली संघको एकताको आधार बन्ने अवस्था बनेको छ। यसै मुद्दा र विषयले विभिन्न समूहमा विभाजित गैरआवासीय नेपाली संघलाई पनि एकठाउँमा लिएर आइरहेको छ।

यसै सवालमा संघमा च्याखे दाउ थापिरहेका एकाध भड्काउ समूह र प्रवृत्ति बाहेक डा. बद्री केसी र डा. शेष घले मिलेर संघलाई एकताबद्ध गर्न सक्ने सम्भावना देखिएको छ। उसै पनि घले र केसीलाई मिलाएर संघको एकताको महाधिवेशन गर्न अहिले अनुकूल अवस्था छ।

*(स्रोतः अनलाईनखबर)*

# 'स्वास्थ्य क्षेत्रका योजनाहरु बजेट नष्ट गर्ने खालका मात्रै छन्'



✍निरज सिंह

जनकपुर, मधेस प्रदेशमा स्वास्थ्य सम्बन्धी सूचकाङ्कको अवस्था चिन्ताजनक छ। मधेस प्रदेशमा जनघनत्व धेरै छ। क्षेत्रफलको हिसाबमा सानो र जनघनत्वको हिसाबमा अन्य प्रदेशहरू भन्दा ठुलो प्रदेश हो मधेस।

जहाँ जनसंख्या बढी हुन्छ, त्यहाँ रोग पनि बढी हुन्छ। यो स्वाभाविक कुरा पनि हो। सामान्यतया सर्ने र नसर्ने खालको गरी रोग दुई प्रकारको हुन्छ। मेरो विश्लेषणमा मधेसमा यी दुई थरी नै रोगको सङ्क्रमण उच्च छ। अर्थात् मधेसी समाजमा सर्ने र नसर्ने दुवै प्रकारको रोगको समस्या उच्च छ।

यसका आफ्नै कारण छन्। हामीकहाँ साक्षरताको दर कम छ। यसले गर्दा सरुवा रोगहरू फैलिनबाट रोक्न चुनौती छ। ब्लड प्रेसर, सुगर, थाइराइड, मोटोपनका रोगीहरू पनि उल्लेखनीय रूपमा मधेसमा बढेका छन्। मान्छेहरू विदेश कमाउन गइरहेका छन्, त्यहाँ गएर धेरै समस्याको सामना गरिरहनु परेको छ। यावत् कारणले मानसिक रोगीहरू पनि उत्तिकै बढिरहेका छन्।

स्वास्थ्य क्षेत्र २/३ वटा कुरामा निर्भर हुने गर्दछ। एउटाचाहिँ शिक्षाको स्तर हो भने अर्को साक्षरताको प्रतिशत हो। यसको साथै सरसफाइ, गरिबीको रेखामुनि रहेका जनता कति छन् ? जनचेताको स्तर कस्तो छ ? त्यो सबै कुराले गर्दा स्वास्थ्यको 'प्यारामिटर'मा असर गर्छ। हाम्रो प्रदेशमा पनि यही कारणले मुख्यतः असर पारिरहेको मेरो बुझाइ छ।

शिक्षित जनता स्वास्थ्यप्रति चेतनशील हुन्छ, तर जानकारी नभएको व्यक्ति लापरबाह हुन्छ। त्यसैले स्वास्थ्य क्षेत्रको सुधारका लागि पनि शिक्षा महत्त्वपूर्ण हुन्छ। यसको अलावा मधेसमा सार्वजनिक भौतिक संरचना सबैजसो जनस्वास्थ्यको मापदण्ड अनुसार छैनन्। जस्तै एउटा स्कुलको कुरा गरौं। मधेसमा भएका स्कुलहरूमा शौचालय कम हुन्छ, तर विद्यार्थी संख्या धेरै हुन्छ। एउटा शौचालय धेरै जनाले प्रयोग गर्दा रोग सर्ने सम्भावना हुन्छ।

जबकि विश्वव्यापी मान्यता के हो भने २०/२५ जना भएको ठाउँमा एउटा शौचालय हुनुपर्छ, तर हाम्रो विद्यालयहरूमा जनसंख्या बढी छ, शौचालयको संख्या त्यो अनुपातमा निकै कम छन्, जसको असर स्वास्थ्यमा परिरहेको हुन्छ।

मधेसमा सरसफाइको पनि कमी छ। शिक्षाको स्तरमा समस्या छ। यी सबै कारणले स्वास्थ्य अवस्था दयनीय छ। देशको तथ्यांकले पनि मधेसको स्वास्थ्य अवस्था कस्तो छ भन्ने बताइरहेको छ।

राष्ट्रिय तथ्यांक हेर्ने हो भने मधेस प्रदेश स्वास्थ्यको ग्राफको अधिकांश सूचकाङ्कमा पछाडि छ। अहिलेसम्म मधेस प्रदेश स्वास्थ्य सेक्टरमा धेरै कुरामा पछाडि नै रहेको देखिन्छ। न यहाँ पर्याप्त अस्पताल छन्, न त दक्ष जनशक्ति नै छन्। इक्वीपमेन्ट पनि आवश्यकता अनुसार छैन।

मधेसमा जनस्वास्थ्य कार्यालयहरूले कति 'इफेक्टिभ' काम गरिरहेका छन्, त्यो पनि अनुसन्धानको विषय हो। किनभने उसले गर्ने काम धेरै सन्तोषजनक अवस्थामा छैनन्। स्वास्थ्य सेक्टर लथालिङ्ग बनेको छ। समग्रमा सप्तरीदेखि लिएर पर्सासम्ममा स्वास्थ्यको अवस्था दयनीय देखिरहेको छु। तैपनि प्रदेश सरकार लाचार भएको जस्तो देखिन्छ। जबकि यस्ता कुरामा सरकार गम्भीर हुनुपर्ने हो।

अर्कोतर्फ 'ग्राउण्ड लेबल'मा कमजोर योजना देखिएका छन्। खुलेरै भन्ने हो भने कतैको योजना कपी गरेर लागु गरेकोजस्तो देखिन्छ। मैले यी सब

...बाँकी पृष्ठ ३ मा

# समाज संवाददाता रोहित थापा सम्मानित



समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददाता रोहित थापालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडा : समृद्ध समाज राष्ट्रिय दैनिकका संवाददाता रोहित थापालाई हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले सम्मान गरेको छ । वडाले आयोजना गरेको एक महिना लामो दोस्रो खेलकुद महोत्सव-२०८१ र वडा कार्यालयद्वारा सम्पादन भएका विविध गतिविधिहरु प्रकाशन, प्रसारण गरी सहयोग पुऱ्याएको भन्दै थापालाई सम्मान गरिएको हो ।

माघ ९ गतेदेखि सुरु भई फागुन ५ गतेसम्म सञ्चालन भएको दोस्रो खेलकुद महोत्सव-२०८१ को बुधबार पुरस्कार वितरण समारोहमा संवाददाता थापालाई नगद ५ हजार रुपैयाँ सहित सम्मान गरिएको हो । थापा समृद्ध समाज राष्ट्रिय दैनिकका लागि खेलकुद बिटमा समाचार लेख्नुहुन्छ । वडा शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा बुधबार पुरस्कार वितरण कार्यक्रम भएको हो । कार्यक्रममा वडाअध्यक्ष नवीन सिग्देलको पनि उपस्थिति रहेको थियो ।

पुरस्कार वितरण कार्यक्रममा विद्यार्थीले नृत्य कला प्रस्तुत गरेका थिए । वडाले वडास्तरीय र नगरस्तरीय विविध प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा विद्यालय तहका विद्यार्थीको सहभागिता रहेको थियो । नगरका १९ वडामध्ये ४ नम्बर वडाले विद्यालय तहको शिक्षा सुधार तथा विद्यार्थीका लागि खेलकुद तथा रचनात्मक क्रियाकलापको क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आएको छ ।

# बुद्धिजीवी परिषद्मा घिमिरे



समाज संवाददाता

हेटौंडा : नेपाल बुद्धिजीवी परिषद् मकवानपुरको अध्यक्षमा घनश्याम घिमिरे चयन हुनुभएको छ । बुधबार भएको नेपाल बुद्धिजीवी परिषद्को दशौं जिल्ला सम्मेलनले घिमिरेलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । घिमिरे मकवानपुर बहुमुखी क्याम्पसमा नेपाली साहित्यका उपप्राध्यापक हुनुहुन्छ । घिमिरे साहित्य विधामा कुशल समीक्षकको रुपमा चिनिनु हुन्छ ।

घिमिरेको अध्यक्षमा २५ सदस्यीय समिति चयन गरिएको छ । परिषद्को उपाध्यक्षमा संगम चौलागाईं, सचिवमा दीपक अधिकारी, सहसचिवमा काजीराम मोक्तान र समृद्ध खनाल चयन हुनुभएको छ । कोषाध्यक्ष चयन हुन बाँकी रहेको बताइएको छ । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको रहनेछ । नेपाल बुद्धिजीवी परिषद् मकवानपुरका निवर्तमान अध्यक्ष मोहनप्रसाद शर्माको सभाध्यक्ष तथा परिषद्का केन्द्रीय महासचिव गजेन्द्र थपलियाको प्रमुख आतिथ्यमा जिल्ला सम्मेलनको उद्घाटन भएको हो ।

# रोज एकेडेमीले मनायो रजत महोत्सव




वार्षिकोत्सवको अवसरमा नृत्य प्रस्तुत गर्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४ स्थित रोज एकेडेमीले बुधबार २५ औं वार्षिकोत्सव मनाएको छ । रजत जयन्तीको अवसरमा एक कार्यक्रमको आयोजना गरी विद्यालयले विद्यार्थीको नृत्य, नाट्य तथा उद्घोषण कला प्रस्तुत गरेको थियो । विद्यार्थीले पुस्तक समीक्षा, कविता वाचन समेत गरेका थिए ।

विद्यालयका संस्थापक प्रिन्सीपल लक्ष्मण सुन्दर श्रेष्ठको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा रजत जयन्ती समारोह भएको हो । कार्यक्रममा प्याब्सन मकवानपुरका सचिव सुदीप राज गिरीको पनि आतिथ्य रहेको थियो । ५ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ३ सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । चालु शैक्षिक सत्रदेखि नै विद्यार्थीका लागि रमाउँदै खेल्दै सिक्ने अवधारणामा शैक्षिक क्रियाकलाप गर्न सुरु गरेको प्रिन्सीपल रुपेश श्रेष्ठले जानकारी दिनुभयो ।

# सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदमा यादवको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपालको लायन वर्ष २०२५/२६ का लागि सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदमा मकवानपुरका सामाजिक अभियन्ता तथा व्यवसायी जेपी यादवले उम्मेदवारी घोषणा गर्नुभएको छ । बुधबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत् लायन वर्ष २०२५/२६ का डिस्ट्रिक्ट गभर्नरले अघि सारेको 'नारा'लाई आत्मसाथ गर्दै शिक्षा, स्वास्थ्य, पर्यावरण संरक्षण, बालबालिकाको संरक्षणजस्ता कार्य गर्न आफूले उम्मेदवारी घोषणा गरेको जानकारी दिनुभयो ।

उहाँले स्वास्थ्य शिविरमा निःशुल्क स्वास्थ्य परीक्षण, आँखा परीक्षण, रक्तदान र स्वास्थ्य सचेतना अभियान सञ्चालन गर्ने बताउनुभयो । शिक्षा प्रवर्द्धनमा आर्थिकरुपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम र शैक्षिक सामग्री वितरण गर्ने उहाँले घोषणा गर्नुभयो । पर्यावरण संरक्षणमा वृक्षरोपण अभियान, फोहोर व्यवस्थापन सचेतना, प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गर्ने घोषणा गर्नुभयो । यस्तै, बालबालिकाको संरक्षणमा अनाथ आश्रम तथा बृद्धाश्रम सहयोग कार्यक्रम, सडक बालबालिकाका लागि पुनर्स्थापना अभियान सञ्चालन गरिने उहाँको भनाइ छ ।

क्लब अध्यक्ष, सचिव र अन्य सदस्यहरुलाई नेतृत्व विकास तथा व्यवस्थापन तालिम, नयाँ सदस्य अभिमुखीकरण, सदस्यहरुबीच मित्रता तथा नेटवर्किङ कार्यक्रम, महिला सशक्तिकरण कार्यक्रम, डिजिटल जागरुकता अभियान, स्मार्ट क्लब व्यवस्थापन गर्न सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदमा आफ्नो उम्मेदवारी रहेको यादवले जानकारी दिनुभयो । सन् २००९ मा लायन्स क्लब अफ हेटौंडामार्फत् सामाजिक सेवाको यात्रामा प्रवेश गर्नुभएका यादवले सन् २०१८ मा लायन्स क्लब अफ मकवानपुर डायमण्डको संस्थापक अध्यक्षको जिम्मेवारी सम्हाल्नु भइसकेको छ । सन् २०२० मा एरिया सचिव, २०२१ मा रिजन चेयरपर्सन हुँदै 'बेस्ट रिजन चेयरपर्सन अवार्ड' प्राप्त गर्न सफल भएको उहाँले बताउनुभयो । सन् २०१९/२० र २०२०/२१ मा लायन्स इन्टरनेशनल प्रेसिडेन्टको मेडलबाट सम्मानित भएको उहाँले जानकारी दिनुभयो ।

२०२३ मा एरिया चिफको रुपमा काम गर्दै क्षेत्रीय विकास र सेवा प्रवर्द्धनजस्ता विभिन्न कार्यक्रम सफल पार्न आफूले योगदान गरेको भन्दै उम्मेदवारी दिएको उहाँले जानकारी दिनुभयो । यादव नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका आजीवन सदस्य र बसामाडी जेसीजका पूर्वउपाध्यक्षसमेत हुनुहुन्छ । यस्तै, फेमस तास हाउस, त्रिमूर्ति प्रिन्ट एन्ड प्याकेजिङ र दाजुभाइ हार्डवेयरका

## अधिकारीलाई...

छ । देशभर आश्रमको भवन निर्माणमा तीनै तहका सरकारसँग मानवसेवा आश्रमले सहकार्य गर्दै आएको छ । नेपाल सरकारले प्रत्येक वर्ष २ जनालाई उक्त पुरस्कार प्रदान गर्दै आएको छ । तर विगत ५ वर्षदेखि कोरोना महामारीका कारण प्रधानमन्त्री राष्ट्रिय युवा प्रतिभा पुरस्कार वितरण रोकिएको थियो । जसले गर्दा यसवर्ष भने एक विशेष समारोहकाबीच १० जनालाई प्रधानमन्त्री राष्ट्रिय युवा प्रतिभा पुरस्कार प्रदान गरिने निर्णय सरकार गरिएको संस्थापक अध्यक्ष अधिकारीले जानकारी दिनुभयो ।

- पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
- जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
- ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## स्वास्थ्य क्षेत्रका...

कुरा हचुवाको भरमा भनेको होइन । म त्यसलाई प्रमाणित पनि गर्न सक्छु ।

जस्तैः म एउटा उदाहरण दिन्छु, गत वर्ष उहाँहरूले विभिन्न ल्याबलाई सामानहरू किनेर दिनुभयो । तर कति ठाउँमा ती सामान दिनुपर्ने हो, त्यसको उहाँहरूसँग अध्ययन थिएन । जुनकारण उहाँहरूलाई जहाँ मन लाग्यो, त्यहीं ती सामान दिनुभयो ।

हुनुपर्नेचाहिं के हो भने कुन सामान कहाँ दिने ? त्यो हेल्थपोस्टले कति जनसंख्यालाई हेर्छ ? कसको महत्व कति छ, त्यहाँ कति स्वास्थ्यकर्मीले काम गरिरहेका छन् ? यी सबै ख्याल गर्नुपर्ने हो ।

तर गत वर्ष यसको अध्ययन नगरीकन हतारमा उपकरणहरु किनेर बाँडेको जस्तो देखियो । जसकारण किनेका उपकरणहरुको पनि सदुपयोग भएन । सोझो अर्थमा भन्ने हो भने बजेट नष्ट हुने काममात्र गरियो ।

अब योजना बनाउँदा जमिनसँग जोडेर बनाउनु पऱ्यो । विज्ञहरूसँग परामर्श गरेर योजना बनाउनु पऱ्यो । त्यसरी योजना बनाइयो भने हामीले के कहाँ आवश्यक छ ? उपलब्धि के हुन्छ ? यो सबै विषय समेटिन्छ ।

त्यसकारण अब स्वास्थ्य मन्त्रालयको बजेट आउनुभन्दा अघि यस्ता कुराको अध्ययन हुनैपर्छ । अध्ययन गरेर बजेट बनाइयो भने त्यो बजेट उपयुक्त हुन्छ । नत्र हरेक गाउँपालिकामा यो सामान दिने, हरेक ठाउँमा सप्लाइ गरिदिने, यसरी मेसिन किनेर गाउँगाउँ पुऱ्याइदिने हो भने यो त सामान किन्नका लागिमात्र हुन्छ । यसले केही उपलब्धि हुँदैन । यस्ता कुराहरूमा हरेक सरकारको त्रुटि देखिँदै आएको छ ।

अहिलेसम्म आएका बजेटहरू जसरी अध्ययन भएर आउनुपर्ने हो, त्यसरी आएको मलाई लाग्दैन । सबै बजेट हचुवाको भरमा ल्याएको देखिन्छ, जसको कुनै कसैसँग तालमेल भएको हुँदैन । ग्राउण्ड लेवलबाट अध्ययन भएर आउनु पर्छ । कुन जिल्लामा के चाहिने हो, कहाँ के समस्या छन् ? त्यसको अध्ययन गरेर त्यस अनुरुप बजेट बनाउन मेरो सुझाव छ ।

यसरी बजेट आयो भने बढी उपयुक्त पनि हुन्छ, नत्र एउटा कोठामा बसेर काल्पनिक हिसाबमा बजेट बनाइयो भने त्यो सबै खेर फाल्नु बराबर हो । भवन चाहिने ठाउँमा भवनको अध्ययन गर्ने, कहाँ के दिने वा नदिने ? त्यसको लेखाजोखा गरेर स्वास्थ्य मन्त्रालयले बजेट ल्याउनुपर्छ ।

प्रदेश सरकारहरूले अब बजेट पब्लिक हेल्थमा केन्द्रित गर्नुपऱ्यो । प्रदेशमा अहिले जति रोग देखिएका छन् त्यसको न्यूनीकरणका लागि जनचेतनाको स्तर कसरी बढाउने ? सरसफाइसँग सम्बन्धित रोगहरू हामीले कसरी नियन्त्रण गर्ने ? यो सबै रणनीति बनाएर बजेट ल्यायो भने प्रदेशको स्वास्थ्य अवस्थामा सुधार हुन्छ । जनताले लाभ पाउनेछन् ।

*(नेपाल चिकित्सक संघको केन्द्रीय उपाध्यक्ष एवं मधेस प्रदेश संयोजक सिंहसँग रातोपाटीका लागि अली असगर देवानले गरेको कुराकानीमा आधारित)*

# स्वावलम्बन जीवन पद्धतिसम्बन्धी तालिम

समाज संवाददाता

हेटौंडाः अपाङ्ग स्वावलम्बन जीवन पद्धति केन्द्र मनहरी-७, मकवानपुरको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुका लागि ३ दिने स्वावलम्बन जीवन पद्धति अवधारणासम्बन्धी तालिम सुरु भएको छ । केन्द्रका अध्यक्ष दीलबहादुर स्याङ्बोको अध्यक्षता तथा बागमती प्रदेशका पूर्व सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा तालिम सुरु भएको हो ।

तालिम उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै पूर्वमन्त्री मोक्तानले बागमती प्रदेशमा अपाङ्गता भएका व्यक्ति उल्लेख्य रहेको बताउनुभयो । वडास्तरीय र पालिकास्तरीय तालिम प्रदान गरेर उद्यमी बनाउने र बजारीकरणमा अपाङ्गता भएका व्यक्तिलाई स्थानीय र प्रदेश सरकारले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो । स्वरोजगार बन्न सके अपाङ्गता भएका व्यक्तिले मानसिक तनाव र अपहेलना सहन नपर्ने उहाँको भनाइ छ । आफूले मन्त्री हुँदा अपाङ्गता भएका व्यक्तिको हितमा गरेका कार्यक्रम कार्यान्वयनको लागि प्रदेश सरकारसँग पहल गर्न आग्रह गर्नुभयो । यस्तै, प्रदेश सरकारले ल्याएका कार्यक्रमलाई कार्यान्वयनमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

आपाङ्गता भएका व्यक्तिले कसरी अन्य व्यक्तिसरह स्वावलम्बन जीवन पद्धतिअनुसार जीवन जिउन सक्छन् भन्ने विषयमा सहजकर्ता प्रताप तितुङले सहजीकरण गर्नुहुनेछ । मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर, मनहरी गाउँपालिका-७ नम्बर वडाका कार्यवाहक अध्यक्ष नवराज सुवेदी, सञ्चिता परियार, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका सदस्य बद्री विक्रम थापा, अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीलगायतको आतिथ्य रहेको थियो ।

# सुनुवार सेवा समाजमा अर्जुन

समाज संवाददाता

हेटौंडा : सुनुवार सेवा समाज मकवानपुरको प्रथम जिल्ला सम्मेलनले अर्जुनबहादुर सिकारी सुनुवारको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको छ । बुधबार हेटौंडामा भएको सम्मेलनले उपाध्यक्षमा दीपक सुनुवार, सचिवमा रामबहादुर सिकारी सुनुवार, कोषाध्यक्षमा नारायण सुनुवार, सहसचिवमा चन्द्रबहादुर सुनुवार चयन हुनुभएको छ ।

प्रथम जिल्ला सम्मेलनबाट निर्वाचित सबैलाई सुनुवार सेवा समाजका संघीय अध्यक्ष अमृतबहादुर सुनुवारले सपथ ग्रहण गराउनुभयो । कार्यक्रम सुनुवार सेवा समाजका संघीय अध्यक्ष अमृतबहादुर सुनुवारको प्रमुख आतिथ्य तथा सुनुवार सेवा समाज तदर्थ समिति मकवानपुरका अध्यक्ष अर्जुनबहादुर सिकारी सुनुवारको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा संघीय उपाध्यक्ष तथ विदेश विभाग प्रमुख शिव सुनुवार, संघीय महासचिव एवं अनुशासन विभाग प्रमुख उत्तमकुमार सुनुवार, संघीय सचिव रमेश कुमार सुनुवार, सुनुवार सेवा समाज मकवानपुर का सल्लाहकार संयोजक ज्ञानचन्द्र सिकार ी सुनुवार, सुनुवार सेवा समाज काठमाडौंका अध्यक्ष गोपालबहादुर सुनुवार लगायतले मन्तव्य व्यक्त गरेका गर्नुभएका थियो ।


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**



# एपीएफ बागमती गोल्डकपको सेमिफाइनलमा



बल नियन्त्रणमा लिने प्रयास गर्दै संकटा क्लब (निलो जर्सी) र एपीएफ क्लब (रातो जर्सी) का खेलाडी ।

समाज संवाददाता

हेटौँडा : विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लब बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । बुधबार भएको खेल जित्दै एपीएफ क्लब सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।

बागमती गाउँपालिका-४ स्थित सहिद स्मृति रंगशालामा भएको तेस्रो क्वाटरफाइनल खेलमा संकटा क्लबलाई १-० गोलअन्तरले हराउँदै एपीएफ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो । एपीएफलाई जीत दिलाउन सुजन कुमार पुलामीले ८३ औं मिनेटमा निर्णायक गोल गरे । पुलामी खेलको ८१ औं मिनेटमा अनिष महर्जनको स्थानमा मैदान प्रवेश गरेका थिए ।

म्यान अफ द म्याच एपीएफका मणि कुमार लामा घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । यसअघि एपीएफ भरतपुर एफसीलाई हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो भने संकटा भने वाई पाएर सिधै क्वाटरफाइनलमा स्थान पाएको हो । गोल्डकपमा संकटा र एपीएफ यसअघिका संस्करणको उपविजेता टोलीहरु हो । एपीएफ छैठौं संस्करणमा मछिन्द्र क्लबसँग पराजित हुँदै उपविजेता बनेको थियो भने संकटा पाँचौ संस्करणमा क्यामरुनको भुटनिज स्पोर्ट्ससँग पराजित हुँदै उपविजेता बनेको थियो । फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजारसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ ।

# १५९ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडा: बुधबार एक सय ५९ जनाले रक्तदान गरेका छन् । अन्तर्राष्ट्रिय वी लभ यू फाउण्डेसनले आयोजना गरेको ६९२ औं विश्वव्यापी रक्तदान कार्यक्रममा एक सय ५९ जनाले रक्तदान गरेका हुन् ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोग रहेको थियो । अहिलेसम्म जोखिममा परेको जीवन बचाउने सबैभन्दा सुरक्षित तरिका भनेको रक्तदान भएकाले फाउण्डेसनले रक्तदान कार्यक्रम गरेको बताइएको छ ।

जीतपुर सिमरा उपमहानगर पालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन भएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीहरुको पनि सहभागिता रहेको थियो ।

# अनुपम घलान स्मृति यु-१६ फुटबल प्रतियोगिता सुरु



रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्घाटन गरिँदै ।

समाज संवाददाता

हेटौंडा: हेटौंडामा बुधबारबाट अनुपम घलान स्मृति यु-१६ नगरस्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ । नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा सुरु भएको पहिलो संस्करणको प्रतियोगिताको उद्घाटन जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले गर्नुभएको हो ।

गत असोजमा पहिरोमा परेर निधन भएका एन्फा एकेडेमीमा आवद्ध हेटौँडा-१२ का अनुपम घलानको स्मृतिमा हेटौँडा उपमहानगरपालिकाले प्रतियोगिता आयोजना गरेको हो । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा हेटौँडा-१८ ले विजयी सुरुवात गरेको छ । हेटौँडा-१८ ले हेटौँडा-७ लाई १-० गोलले पराजित गरेको छ । हेटौँडा-१८ का अनमोल मिजारले पहिलो हाफमा एक गोल गर्दै टिमलाई जीत दिलाएका हुन् । म्यान अफ द म्याच मिजार नै घोषित भएका छन् ।

बुधबारै भएको दोस्रो खेलमा हेटौँडा-८ ले विजयी सुरुवात गरेको छ । हेटौँडा-१३ लाई टाइब्रेकरमा ६-५ गोलले हराउँदै हेटौँडा-८ विजयी भएको हो । हेटौंडा-८ बाट शिशिर भण्डारीले र हेटौँडा-१३ बाट प्रितम स्याङ्बोले समान एक/एक गोल गरेका थिए । म्यान अफ द म्याच हेटौँडा-८ का गोलरक्षक प्रितम स्याङ्बो घोषित भएका छन् ।

१० वटा टिम सहभागी प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः एक लाख र ७० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गर्नेछन् । नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको सभाध्यक्षमा भएको उद्घाटन कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख राजेश बानियाँको आतिथ्य रहेको थियो ।

# चोरीमा संलग्न २ जना नाबालक पक्राउ

समाज संवाददाता

हेटौंडा : खानेपानीको मिटर चोरी गर्ने २ जना नाबालकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । मंगलबार हेटौंडा-१० बाट १५ वर्षीय र १७ वर्षीय २ नाबालकलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

गत माघ २७ गते हेटौंडा-४, बुद्धपथस्थित दिलिप राजथलालगायतको घरबाट खानेपानीको मिटर चोरी भएको उजुरीपश्चात् प्रहरीले अनुसन्धान थालेको थियो । अनुसन्धानका क्रममा प्रहरीले सिसिटिभी फुटेजका आधारमा खोजतलास गरी २ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो ।

अर्यालका अनुसार नाबालकहरुलाई पटक-पटक चोरीका घटनामा पक्राउ गरी तारेखमा छाडिएको थियो । नाबालकहरुलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट चोरीसम्बन्धी कसुर मुद्दामा ५ दिनको म्याद थप अनुमति लिई अनुसन्धान कार्य भइरहेको छ । चोरीका सामान भने फेला नपरेको प्रहरीले जनाएको छ । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले केही दिन अघि मात्रै खानेपानीको मिटर चोरीका घटना उल्लेख्य संख्यामा भइरहेको जनाएको थियो । एक दिनमा ३ वटासम्म मोटर चोरीको घटना भएको उल्लेख गर्दै हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले डेढ महिनाको अवधिमा एक सय भन्दा बढी संख्यामा खानेपानीको मिटर चोरी भएको जनाएको छ ।

# प्रधानमन्त्री क्रिकेट कप छनोट प्रतियोगिताका लागि बन्द प्रशिक्षण सुरु



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघले प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका लागि प्रदेश छनोट खेल्ने खेलाडीहरुका लागि बन्द प्रशिक्षण सुरु भएको छ । गत माघ २९ गतेदेखि फागुन ४ गतेसम्म जिल्लास्तरीय प्रतियोगिता गरेर प्रदेशस्तरीय छनोट प्रतियोगिता खेल्ने प्रारम्भिक सूचीमा परेका खेलाडीहरुका लागि बन्द प्रशिक्षण सुरु गरिएका हो ।

जिल्लास्तरीय छनोटमा परेका ३० जना खेलाडीमध्ये बन्द प्रशिक्षणमा २५ जनाको सहभागिता रहेको मुख्य छनोटकर्ता संजोक पोखरेलले जानकारी दिनुभएको छ । बुधबारबाट सुरु भएको प्रशिक्षण शुक्रबारसम्म सञ्चालन हुनेछ ।

हेटौंडा-४ स्थित हुप्रचौरमा भइरहेको प्रशिक्षणमा छनोट भएका खेलाडीहरुलाई क्यान 'ए' र क्यान 'बी' गरी दुई समूहमा छुट्याएर प्रतिस्पर्धा गराइने उहाँले बताउनुभयो । क्यान 'ए' को टिम क्याप्टेन सुमन सुनार र क्यान 'बी'को टिम क्याप्टेन युविन बुढाथोकी रहेका छन् ।

बन्द प्रशिक्षणमा सहभागीमध्ये उत्कृष्ट १४ जना खेलाडी छनोट गरेर प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी गराउने उहाँले बताउनुभयो । खेलाडीलाई मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोदकुमार बानियाँ र संजोक पोखरेलले छनोट गर्नुहुनेछ । प्रधानमन्त्री कप क्रिकेटको प्रदेश छनोट फागुनको दोस्रो साताबाट हुनसक्ने उहाँले बताउनुभयो ।

६ वटा जिल्लाको सहभागिता रहने छनौट प्रतियोगितामा मकवानपुर, नुवाकोट र चितवनले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला भरतपुरमा प्रतिस्पर्धा गर्नेछन् भने ललितपुर, भक्तपुर र काठमाडौंले मूलपानी क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्नेछन् । जिल्लास्तरीय छनोट प्रतियोगिताबाट मिथिलेशकुमार गुप्ता, विजय यादव, पिउस शर्मा, गौरव खड्का, आस्तिक दहाल, असिम श्रेष्ठ, एमडी राजा, विशाल फुयाँल, गोकुल अधिकारी, रोहित ठाकुर, युविन बुढाथोकी, विकास दास सेनुरिया, रितेश अधिकारी र समिर चौलागाईं छनोट भएका छन् । यस्तै, नवी आलम, सुमन सुनार, तक्षक सिम्खडा, रामनरेश गिरी सक्षम बस्ताकोटी, विशेष थापा, कुशल दुलाल, इरफान अली, सुवर्ण भट्ट, साकार गजुरेल, आशिक अधिकारी, शिवशक्ति महतो र प्राञ्जल उपाध्याय छनौटमा परेका छन् ।

# महावीर क्लबद्वारा स्वास्थ्य सामग्री सहयोग

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित मकवानपुर जिल्लाकै पुरानो महावीर क्लबले नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडा इकाई समितिलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । कांग्रेसले सञ्चालन गरेको समुदायमा प्राथमिक स्वास्थ्य परीक्षण शिविर अभियानको अवसरमा क्लबले स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो ।

क्लबले सुगर परीक्षण किट ५०० थान, रक्तचाप परीक्षण गर्ने डिजिटल मेसिन २ थान लगायत स्वास्थ्य उपचारमा आवश्यक सामग्रीहरु हस्तान्तरण गरेको क्लबका अध्यक्ष अजय मानन्धरले जानकारी दिनुभयो । महावीर क्लबले १५ हजार रुपैयाँ बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रमका संयोजक सविन नेपालीले जानकारी दिनुभयो । नवीन टोल पिप्लेमा आयोजना भएको प्राथमिक स्वास्थ्य परीक्षण शिविरमा १६५ जनाले स्वास्थ्य परीक्षण गरेको नेपाली कांग्रेस ५ नम्बर वडा समितिका सभापति यमबहादुर श्रेष्ठले जानकारी दिनुभयो । नेपाली कांग्रेस ५ नम्बर वडा इकाई समितिले वडाबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै केही दिनमानै एक हप्ता स्वास्थ्य परीक्षण शिविरको आयोजना गर्ने तयारी गरेको सभापति श्रेष्ठले बताउनुभएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# कैलाशमा राष्ट्रपति रनिङ शिल्ड सुरु

समाज संवाददाता

हेटौंडा : मकवानपुरको कैलाश गाउँपालिकामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । बुधबार गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको हो ।

कैलाश गाउँपालिकाको आयोजना तथा खेलकुद विकास समितिको व्यवस्थापनमा प्रतियोगिता सुरु भएको हो । भवानी माध्यमिक विद्यालयको खेल मैदानमा २ दिन सञ्चालन हुने प्रतियोगितामा ६ वटा माध्यामिक विद्यालयले सहभागिता जनाएका छन् । गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले प्रतियोगिताको उद्घाटन गर्दै विगतमा विद्यालयको व्यवस्थापनमा भइरहेको प्रतियोगिता ऐनमा उल्लेख भए बमोजिम यसवर्षदेखि भने समिति मार्फत प्रतियोगिता गरिएको जानकारी दिनुभयो । गत वर्ष कैलाशले जिल्लास्तरीय प्रतियोगितामा स्वर्ण एक, रजत तीन र कास्य दुई वटा पदक जित्न सफल भएका उहाँले बताउनुभयो । सोही अनुरुप अहिले विजयी भएर जिल्लामा गई छात्रछात्राले विभिन्न पदक जित्न सफल हुनेछन् भन्ने विश्वास लिएको उहाँले बताउनुभयो ।

उहाँले खेललाई मर्यादित र अनुशासित भएर खेल्न आग्रह गर्दै भौगोलिक विकटता रहेको कैलाशलाई शिक्षा र खेलकुद क्षेत्रको विकासमा वृद्धि गर्दै लगिरहेको बताउनुभयो । उहाँले यसै वर्षदेखि पहिलो पटक कैलाशको कालिका माविलाई एसईई परीक्षाको केन्द्र तोकेको बताउनुभयो । कैलाशका विद्यार्थीले हेटौंडा, थाहा, मनहरीमा परीक्षा केन्द्र तोकेर जानुपर्ने बाध्यता हटेको बताउनुहुँदै अब कालिका माध्यमिक विद्यालयमा विद्यार्थीले सहज वातावरणमा परीक्षा दिन सकिने उहाँको भनाई छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले विद्यालयबाटै खेलकुदको विकास गर्न सके राष्ट्रिय खेलाडी तयार हुन सहजता हुने बताउनुभयो । उहाँले अनुशासित भएर खेलाडीलाई आग्रह गर्दै जिल्ला, प्रदेश र केन्द्रसम्म पुगी पदक जित्न खेलाडीलाई शुभकामना व्यक्त गर्नुभयो । प्रतियोगितामा तीन विधाका खेल खेलाइने जनाइएको छ । भलिबल, मार्सल आर्ट र एथ्लेटिक्स खेलबीच प्रतिस्पर्धा रहने छ । एथ्लेटिक्समा एक सय, दुई सय, चार सय र आठ सय मिटरको दौड, हाइजम्प, लमजम्प, सर्टफुट लगायत अन्य खेल रहेका छन् भने छात्रतर्फ भलिबल र कालिका मावि र रत्नज्योति माविका विद्यार्थीबीच मार्सल आर्ट रहने समितिका सदस्य सचिव समेत रहनुभएका शिक्षा अधिकृत समीर जोशीले जानकारी दिनुभयो ।

छनोट भएका विद्यार्थीलाई जिल्ला खेल्न पठाइनुका साथै पदकको आधारमा विद्यालयलाई राष्ट्रपति रनिङ्ग शिल्ड प्रदान गरिने जोशीले बताउनुभयो । प्रतियोगितामा कैलाश-२ स्थित कमलादेवी मावि, कैलाश-३ स्थित भवानी मावि, कैलाश-६ स्थित व्यास मावि, कैलाश-८ स्थित धुवाङ्ग मावि, कैलाश-९ स्थित कालिका मावि र कैलाश-१० स्थित रत्नज्योति माविका विद्यार्थी सहभागी रहेको जोशीले बताउनुभयो । विजेताहरुलाई बिहीबार एक कार्यक्रमका बीच पुरस्कार प्रदान गरिनेछ ।

# प्रजातन्त्र दिवसमा दीप प्रज्ज्वलन

समाज संवाददाता

हेटौंडा: राष्ट्रिय प्रजातान्त्रिक युवक संगठनको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा दीप प्रज्ज्वलनसहित विशेष कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा पूर्वराजा ज्ञानेन्द्र शाहले जनतामा सहयोगको आह्वान गर्दै प्रजातन्त्रको शुभकामना सन्देश व्यक्त गरेको विषयमा समर्थन र स्वागत गरिएको छ ।

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुरका सहकोषाध्यक्ष सन्दिपकुमार सापकोटाले वीर शहीदहरुले देखेको प्रजातन्त्रको सपना अधुरो रहेको बताउनुभयो । गणतन्त्रात्मक व्यवस्थाले देश र जनतालाई कंगाल बनाएको उहाँको भनाइ छ ।

राप्रपा केन्द्रीय सदस्य रामबहादुर थोकरले ज्ञानेन्द्र शाहले ७५ औं प्रजातन्त्र दिवसको अवसरमा व्यक्त गर्नुभएको शुभकामनाको स्वागत गर्दै समर्थन गर्ने उद्घोष गर्नुभयो । राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन मकवानपुरका अध्यक्ष किशोर खत्रीले मकवानपुर जिल्ला यो भ्रष्ट व्यवस्था र अवस्था परिवर्तनका लागि तयार रहेको बताउनुभयो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ